REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 17.09.2024

---

## Swacchata Hi Sewa

देशमा स्वच्छता ही सेवा अभियान आजदेखि शुरू भएको छ। यो दुई अक्टूबरसम्म चल्नेछ।

यो वर्ष यसको विषय छ 'स्भाव स्वच्छता संस्कार स्वच्छता'।

यस अवधिमा पर्यटन स्थलहरू, सार्वजनिक भवन, व्यावसायिक क्षेत्र, जल निकाय, चिड़ियाघर, अभयाख्य तथा सामुदायिक र सार्वजनिक शौचालयहरू जस्ता विभिन्न स्थलहरूमा श्रमदान र सामूहिक सहयोगद्वारा स्वच्छता अभियान चलाइनेछ।

यस अवसरमा केन्द्र सरकारका सबै मन्त्रालय र विभिन्न राज्यहरूले कैयौं गतिविधइहरू आयोजन गर्नेछन्।

अभियानमा नागरिकहरूवाहेक उद्योग, गैर सरकारी संगठन, विकास संगठन, शहरी स्थानीय निकाय, पंचायत र विभिन्न हितधारकहरूलाई सामेल गरिनेछ।

सबै राज्य, केन्द्रशासित प्रदेश, मुख्यमन्त्री, केन्द्रीय मन्त्रालय र स्थानीय निकाय रास्ट्रव्यापी स्वच्छता अभियानमा सहभागी हुनेछन्।

---

## Swachhata Hi Sewa (State)

यता राज्यमा मुख्य मन्त्री श्री प्रेमसिंह तामाङले गान्तोकको चिन्तन भवनमा राज्य स्तरीय स्वच्छचा ही सेवा अभियान 2024 को अधिकारिक रूपमा शुभारम्भ गर्नुभयो।

ग्रामीण विकास विभागको स्वच्छ भारत मिशन 'ग्रामीण' र शहरी विकास विभागको स्वच्छ भारत मिशन (शहरी) द्वारा आयोजित कार्यक्रममा राज्य मन्त्रीमण्डलका सदस्यहरू लोकसभा सांसद विधायकगण, सल्लाहकारहरू, जिल्ला अध्यक्षहरू, उपाध्यक्ष, जिल्ला पञ्चायतहरू, मेयर,

उपमेयर पार्शदगण, मुख्य सचिव विभागीय प्रमुखअहरू जिल्लाधीशहरू, अन्य अधिकारीहरू शहरी स्थानीय निकायका सदस्यहरूको उपस्थिती थियो।

आरम्भमा मुख्यमन्त्रीले स्वच्छता ही सेवाको शपथ ग्रहण गराउनुभयो।

स्वच्छता ही सेवा अभियानको महत्ववारे बोल्दै उहाँले सबै नागरिकहरूसित आफ्नो दिनचर्यामा स्वच्छतालाई समावेश गर्ने आग्रह गर्नुभयो।

स्वच्छता व्यक्तिगत प्रयासवाट शुरू हुनुपर्ने कुरोमाथि जोड़ दिँदै श्री तामाङले नगर कार्यकारी अधिकारीहरूद्वारा फोहोर छुट्याउनुको लाभवारे जानकारी दिनुपर्ने सुझाउ दिनुभएको छ।

मुख्यमन्त्रीले ग्राम पञ्चायतहरूको विकासमा सहयोगका लागि प्रखण्ड विकास अधिकारीहरूका निम्ति विवेकाधीन अनुदान र ग्रामीण क्षेत्रमा उत्कृष्ट कार्य गर्ने ग्राम पञ्चायतहरूलाई नगद पूरस्कारको घोषणा पनि गर्नुभयो।

आफ्नो वक्तव्यमा शहरी विकास मन्त्री श्री भोजराज राईले स्वच्छ भारत मिशन 2.0 अन्तर्गत राज्यमा  भएको महत्वपूर्ण प्रगतिवारे प्रकाश पार्नुभयो।

उहाँले भन्नुभयो E-अफिस र E-लाइसेन्स जस्ता पहलहरूद्वारा विभागले कागजरहित परिवेश सृजना गर्ने लक्ष्य राखेको छ।

कार्यक्रममा बेल्दै ग्रामीण विकास विभागका मन्त्री श्री अरूण उप्रेतीले भन्नुभयो स्वच्छ र हरित सिक्किम निर्माणका लागि सामूहिक कार्यको आवश्यकता पर्छ।

उहाँले सबै नागरिकहरूसित अभियानमा सक्रिय रूपले सहभैगा बनेर सिक्किमलाई पर्यावरणीय उत्तरदायित्वको जल्दोवल्दो उदाहरण बनाउनमा योगदान दिने आग्रह गर्नुभएको छ।

---

## Indrajatra

राज्यमा आज इन्द्रजात्रा पर्व मनाइयो नेवार समुदायले यो पर्व ऐतिहासिक र आध्यत्मिक चिन्हारीलाई उत्सवको रूपमा सम्मिलित गरेर हर्षोल्लासका साथ मनाउँछन्।

सिक्किम नेवार गुठीको तत्वावधानमा राज्य स्तरीय कार्यक्रम गान्तोकमा आयोजित गरिएको थियो।

पहिलो चरणमा जिरो पोइन्ट स्थित भानु उद्यानमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले भानु उद्यानमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले पूजा अर्चना गर्नुभएपछि शोभायात्रा निकालियो । शोभायात्रा तिब्बत पथ र एम जी मार्ग हुँदै मनन केन्द्रमा पुगेर समाप्त भयो ।

यसमा अरू अन्य गन्य मान्य व्यक्तिहरूसित पछि श्री तामाङ सहभागी हुनुभयो ।

पछि मनन केन्द्रमा आयोजन गरिएको दोस्रो चरणको कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो SKM पार्टीले सत्ता सम्हलेपछइ राज्यमा कुनै पनि जातीय पनि पालन गर्नका निम्ति चिन्ता गर्नु नपर्ने स्थिती सृजना भएको छ ।

श्री तामाङ्ले भन्नुभयो सरकारले सबै समुदायलाई पर्व मनाउनका लागि आर्थिक सहायता प्रदान गर्दै आइरहेछ ।

प्रत्येक समुदायले आफनो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिँदै श्री तामाङ्ले भन्नुभयो नेवार समुदायका विद्यार्थीहरूलाई आफ्नो भाषामा अध्ययन गर्न प्रोत्साहित गर्नुपर्छ ।

समारोहमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मानित गरियो ।

---

## Vishwakarma Puja

देशका विभिन्न भागमा आज विश्वकर्मा पूजा भक्तिभावपूर्वक मनाइँदैछ ।

यता सिक्किमा पनि विश्वकर्मा पूजा धूमधामले मनाइँदैछ ।

गान्तोकमा विभिन्न कार्यशाला साथै फलामे औजार तथआ अरू उपकरणहरू प्रयोग गरिने कार्यलय मुद्रणालय र अन्य ठाउँहरूमा पूजाका मण्डपहरू बनाइएका छन् ।

हिन्दु धर्म अनुसार भगवान विश्वकर्मा सारा ब्रम्हाण्डका निर्माता हुन् ।

यसोसले श्रध्यालुहरू आजको दिन विभिन्न दुर्घटनाहरूवाट स्वयंलाई बचाउने प्रार्थना गर्दै भगवान विश्वकर्माको पूजा गर्छन् ।

---

## Vishwakarma Puja C.M Governor

यसैवीच राज्यपाल श्री ओम प्रकाश माथुरले गान्तोकका विभिन्न पूजा स्थलमा गएर राज्यको शान्ति तथा समृध्दिका लागि प्रार्थना गर्नुभयो ।

उहाँसित राजभवमका अन्य अधिकारीहरूवाहेक सचिव श्री जे डी भुटिया पनि जानुभएको थियो।

विश्वकर्मा पूजाको अवसरमा दिइएको आफ्नो सन्देशमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ विश्वकर्मा पूजाले हाम्रो प्रगतिको प्रयासमा क्षमता, नवप्रवर्तन र धैर्यको महत्वको स्मरण गराउँछ ।

उहाँले सिक्किमको उज्जवल भविस्य निर्माण गर्नमा भगवान विश्वकर्माले दिनुभएको ज्ञान र सिर्जनात्मकतावाट प्रेरणा लिनुपर्ने कुरो बताउनुभएको छ ।

---

## Modi Govt. 100 days

नरेन्द्र मोदी सरकारले आज आफ्नो  तेस्रो कार्यकालको सय दिन पूरा गरेको छ ।

प्रधानमन्त्रीले भन्नुभएको छ उहाँको तेस्रो कार्यकालको पहिलो सय दिनले सबेका लागि प्रभावशाली विकास लिएर आएको छ ।

श्री मोदीले भन्नुभएको छ यस अवधिमा कैयौं महत्वपूर्ण निर्णय लिइयो ।

यी निर्णयहरूले मानिसहरूको जीवनमा सकारात्मक प्रभाव पारेका छन् र दुइ हजार सैंतालिस सालसम्म विकसित भारतका लागि बलियो आधार तय भएको छ ।

---